# गेरुवा गाउँपालिका

# २०७४

## पन्ध्रौं कार्यपालिका बोर्ड बैठक

**२२ फागुन, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल फागुन २२गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यूको अध्यक्षतामा कार्य पालिकाकोसोह्रौंबोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जमान सिंह के.सी. - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने- | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु - | वडाअध्यक्ष, वडानं. ५,, | |
| श्री टेक बहादुर चौधरी - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**प्रस्तावहरु**

**१ चालु तर्फ विनियोजन तथा खर्च व्यवस्थापन गर्ने सम्बन्धमा**

**२ पुजिंगतगत तर्फ विनियोजन तथा खर्च व्यवस्थापन सम्बन्धमा**

**३ शिक्षा लगायतका कार्यविधि नियमावलीहरु राजपत्रमा प्रकाशित गर्ने स्वीकृत गर्ने सम्बन्धमा**

**४ IDS/पूर्ण सरसफाई-नमुनाटोल-समपुरक कोष परिचालन कार्यक्रम स्वीकृति सम्बन्धमा**

**५ असल छिमेकी-विपद व्यवस्थापन- समपुरक कोष परिचालन कार्यक्रम स्वीकृति सम्बन्धमा**

**६ बिद्युत व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमाः**

**७ ह्युमपाईप खरिद र वितरण सम्बन्धमा**

**८ वडा कार्यालय भवन/गाउँपालिका भवन निर्माणको स्थान तोक्ने सम्बन्धमा**

**९ जीप/व्याक हो लोडर /रोलर /ट्रयाक्टर खरिद सम्बन्धमा**

**१० बिबिध**

**(क) नियमित बोर्डबैठक बस्ने सम्बन्धमा**

**(ख)प्राविधिक कर्मचारी व्यवस्थापन तथा परिचालन सम्बन्धमा**

## निर्णयहरु :-

### १ चालु तर्फ विनियोजन तथा खर्च व्यवस्थापन गर्ने सम्बन्धमा

प्रस्ताव नं. १ माथी छलफल गर्दा चालु( वित्तिय समानिकरण अनुदान) तर्फ निम्न शिर्षकमा विनियोजन भएको बजेट हाल सम्म देहाय बमोजिम खर्च भई बाँकी खर्च अपुग हुने भएकाले भैपरी आउने चालु शिर्षक बाट अपुग रकम तत् तत् शिर्षकमा बजेट थप गर्ने निर्णय गरियो ।

| क्र.स. | खर्च शिर्षक | विनियोजित बजेट | हाल सम्मको खर्च | बाँकी रकम | भैपरी आउने चालु बाट विनियोजन गर्नुपर्ने थप रकम |
|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ७००००० | ६८३००० | १७००० | ७००००० |

### २ पुजिंगतगत तर्फ विनियोजन तथा खर्च व्यवस्थापन सम्बन्धमा

प्रस्ताव नं. २माथी छलफलको क्रममा पुँजिगत ( वित्तिय समानिकरण) तर्फ निम्न शिर्षकमा विनियाजित वजेट हाल सम्म देहाय बमाजिम खर्च भई बाँकी रहन गएको रकम निम्नानुसार देखिन्छ ।

| क्र.स. | खर्च शिर्षक | विनियोजित बजेट | हाल सम्मको खर्च | बाँकी रकम |
|---|---|---|---|---|
| १ | भैपरी आउने पुँजिगत | १,४८,३०,००० | ०।० | १,४८,३०,००० |
| २ | पुँजिगत सुधार | ३०,००,००० | १५,००० | २९,८५,००० |

माथी उल्लेखित शिर्षकहरुमा खर्च हुन बाँकी रहेको रकमबाट प्रथम गाउँसभा बाट स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये केही योजनाहरुमा बजेट जम्मा इस्टीमेट अंक भन्दा न्युन हुन गई बजेट अपुग हुने देखीएकोले ती आयाजनाहरुलाई पूर्णता दिने गरी इस्टीमेट बमोजिम रकम थप गर्ने र त्यसपछि रकम बचत हुन गएमा माग तथा आवस्यकताको आधारमा सम्बन्धीत वडा कार्यालयको समन्वयमा गाउँ कार्यपालिकाको कार्यालयबाट योजना कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

**तपशिलः**

**(क) प्रथम गाउँभाबाट स्वीकृत वडा स्तरीय कार्यक्रमको विनियोजित बजेट भन्दा बढि लागत ईष्टिमेट देखिन आएको समपुरक रकम व्यवस्थापन गर्नेः-**

**(ख) अत्यावश्यक अन्य योजनाहरु छनौट गरी थप गर्ने :-**

**३ शिक्षा लगायतका कार्यविधि नियमावलीहरु राजपत्रमा प्रकाशित गर्ने स्वीकृत गर्ने सम्बन्धमा**

**प्रस्ताव नं.३**माथी छलफल गर्दा आजको बोर्ड बैठकमा प्रस्तुति गरिएका आधारभूत शिक्षा कार्यविधि नियमावली, २०७४, कृषि सम्बन्धि तथा अन्य कार्यक्रम कार्यान्वयन लगायतका कार्यविधि नियमावलीहरु गेरुवा गाउँपालिका द्वारा राजपत्र प्रकाशन समितिबाट व्यवस्थापन गरी प्रकाशित गरिने राजपत्रमा सूचना प्रकाशित गर्न स्वीकृति दिने निर्णय गरियो ।

**४ IDS/पूर्ण सरसफाई-नमुनाटोल-समपुरक कोष परिचालन कार्यक्रम स्वीकृति सम्बन्धमा**

**प्रस्ताव नं. ४** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको प्रथम गाउँसभाले स्वस्थ, स्वच्छ हराभरासमृद्ध गाउँपालिका वनाउने संकल्प गरे वमोजिम नमुना टोल कार्यक्रमबाट शुरु गरी स्वास्थ,शिक्षित र सभ्य समृद्ध नमुना टोल/समाज निर्माण कार्यक्रम शुरु गर्नका लागि पूर्ण सरसफाई नमुना टोल कार्यक्रम निर्माण गरी सञ्चालन गर्नका लागि **IDS/पूर्ण सरसफाई-नमुना टोल-समपुरक कोष परिचालन कार्यक्रम स्वीकृति** गर्ने निर्णय गरियो ।

**५ असल छिमेकी-विपद व्यवस्थापन- समपुरक कोष परिचालन कार्यक्रम स्वीकृति सम्बन्धमा**

**प्रस्तावनं.५** माथी छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकामा गठन भएको विपद व्यवस्थापन समिति मार्फत समन्वय गर्दै यस गाउँपालिकामा आई पर्ने सवै प्रकृतिका प्रकोपहरुको नियन्त्रण गर्न सहयोग पुग्ने गरी कार्यक्रम वनाई सञ्चालन गर्न **असल छिमेकी-विपद व्यवस्थापन- समपुरक कोष परिचालन कार्यक्रम स्वीकृति** गर्ने निर्णय गरियो ।

**६ समिति गठन गर्ने सम्बन्धमा**

प्रस्ताव नं.६माथी छलफल गर्दा उज्यालो गाउँपालिका घोषणाका लागि वडा स्तरीय र गाउँपालिका स्तरीय विद्युत व्यवस्थापन समिति परिचालन गरी कार्य सम्पादन गर्नका लागि देहाय वमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

<u>**तपशिल**</u>

(क) ६ वटै वडामा ४ वटा क्लष्टर प्रतिनिधि, महिला, दलित/अल्पसंख्यक र सामाजिक/प्रतिष्ठित गरी कम्तिमा ७ जनाको समिति गठन गर्ने र एक जना गाउँपालिका समिति प्रतिनिधि चयन गरी पठाउने ।

(ख) हरेक वडाबाट आएका १/१ जना प्रतिनिधि र गाउँपालिकाबाट तोकीएका ३ जनाप्रतिनिधि समेत भएर ९ जनाको समिति गठन गर्ने ।

साथै उक्त समितिहरुलाई स्थानीय बिद्युत लाईन निरीक्षण,अनुगमन, नियमन तथा मर्मत समितिको रुपमा स्थायी प्रकतिले काम गर्ने गरी परिचालन गर्ने व्यवस्था मिलाउने ।

**७ ह्युमपाईप खरिद र वितरण सम्बन्धमा**

प्रस्ताव नं.७ माथी छलफल गर्दा यसगाउँपालिकाको प्रथम गाउँ सभाबाट ह्युमपाईप खरिद शिर्षकमा विनियोजन भएको रकमबाट यस गाउँपालिकाका सवै वडाहरुबाट माग भए वमोजिम लागि आवश्यक पर्ने भएकोले अविलम्ब ईष्टिमेट सहितको माग संकलन गरी आवश्यकतानुसार ह्युमपाईप खरिद गर्ने गरी सूचना प्रकाशित गर्ने निर्णय गरियो

**८ वडा कार्यालय भवन/गाउँपालिका भवन निर्माणको स्थान तोक्ने सम्बन्धमा**

प्रस्ताव नं.८ माथी छलफल गर्दा यसगाउँपालिकाको प्रथम गाउँ सभाबाट कार्यालय भवन निर्माण शिर्षकमा विनियोजन भएको रकमबाट यस गाउँपालिकाका लागि आबश्यक पर्ने कार्यालय भवन यसै कार्यालय परिसरमा निर्माण गर्ने र वडानं. १,३ र ४ का लागि सम्बन्धित वडा कार्यालय परिसरबाट बढिमा ५०० मिटर भित्र जग्गा व्यवस्था गरी कार्यालय भवन निर्माण गर्ने गरी नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार लागत ईष्टिमेट गरी सूचना प्रकाशित लगायतका निर्माण प्रकृया अघि बढाउने निर्णय गरियो ।

**९ जीप/व्याक हो लोडर /रोलर /ट्रयाक्टर खरिद सम्बन्धमा**

प्रस्ताव नं.९माथी छलफल गर्दा यसगाउँपालिकाको प्रथम गाउँ सभाबाट मेशिनरी सामान खरिद शिर्षकमा विनियोजन भएको रकमबाट यस गाउँपालिकाका लागि आबश्यक पर्ने देहाय वमोजिमका मेशिनरी सामानहरु खरिद गर्ने गरी प्रकाशित सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो

**१० बिबिध**

**(क) दोश्रो गाउँसभा मिति परिवर्तन गर्ने सम्बन्धमाः-**

(क) आगामी फागुन ३० गतेका लागि तोकीएको दोश्रो गाउँसभालाई २०७४ चैत्र २२ गते गर्ने गरी मिति परिवर्तन गर्ने निर्णय गरियो ।

**(ख) प्राविधिक कर्मचारी व्यवस्थापन तथा परिचालन सम्बन्धमाः-**

(ख) प्राविधिक कर्मचारीहरुको अभावमा कार्य सम्पादनमा समस्या परेकोले यस गाउँपालिकामा रहेका ३ जना प्राविधिकलाई ३ क्षेत्र कायम गरी एक जनालाई वडानं.२ पाताभार बसी वडानं.१,२ र ३ हेर्ने, एक जनाले वडानं.४ र ५ हेर्ने र एक जनाले वडानं.६ हेर्ने गरी तोक्ने निर्णय गरियो ।

**(ग) नियमित बोर्ड बैठक बस्ने सम्बन्धमाः-**

(ग) यस गाउँ कार्यपालिकाको बोर्डको बिशेष १७ औं बोर्ड बैठक आगामी चैत ७ गते दिनको २ बजे बस्ने निर्णय गरियो ।